नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं

नेपाल।

पत्र संख्या

च.नं.

प्रेस विज्ञप्ति

व्यापार, तथा पारवहन सम्बन्धी नेपाल-भारत अन्तर-सरकारी उपसमिति (IGSC) को बैठक भदौ ३१- असोज १, २०८३ (तदनुसार १६—१७ सप्टेम्बर २०२६) मा नयाँ दिल्लीमा सम्पन्न भयो। नेपाली प्रतिनिधिमण्डलको नेतृत्व उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री बुद्धबहादुर गुरुङले गर्नुभएको थियो। टोलीमा नेपालका विभिन्न मन्त्रालय, विभाग तथा भारतस्थित नेपाली राजदूतावास र कोलकातास्थित महावाणिज्यदूतावासका वरिष्ठ अधिकारीहरू लगायतको सहभागिता थियो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारको वाणिज्य विभाग, उद्योग तथा वाणिज्य मन्त्रालयका सहसचिव श्री उज्ज्वल कुमार घोषले गर्नुभएको थियो। भारत सरकारका विभिन्न मन्त्रालय र सम्बन्धित विभागका वरिष्ठ प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

व्यापार तथा पारवहन सम्बन्ध सुदृढ गर्न लक्षित एक प्रमुख द्विपक्षीय संयन्त्रका रूपमा यस बैठकमा विभिन्न महत्वपूर्ण विषयहरूमा विस्तृत छलफल भयो। बैठकको एजेन्डामा पारवहन सन्धि र व्यापार सन्धि, अनधिकृत व्यापार नियन्त्रणसम्बन्धी सम्झौता, गुणस्तर मापदण्डहरूको सामञ्जस्यीकरण र व्यापार पूर्वाधारको समन्वयात्मक विकाससम्बन्धी विषयसमेत समेटिएको थियो। नेपाली प्रतिनिधिमण्डलले सहकार्य सम्बन्धी विद्यमान संयन्त्रहरुलाई सक्रिय बनाउनुका साथै यसअघि प्रस्ताव गरिएका विभिन्न Letter of Exchange (LoE) का मस्यौदाहरुलाई छिटै सार्थक निष्कर्षमा पुऱ्याउनुपर्ने विषयमा जोड दिएको थियो। भारतीय पक्षबाट कृषिजन्य, औषधिजन्य तथा दुग्धजन्य उत्पादनको बजार पहुँच, भन्सार सहजीकरण, औद्योगिक सम्पत्ति अधिकार लगायतका विषयमा सहजीकरण गर्न नेपाली पक्षलाई प्रस्ताव गरिएको थियो। यसका अतिरिक्त दुवै पक्षका प्रतिनिधिमण्डलले कृषि उपजहरुको पारस्परिक बजार पहुँच र द्विपक्षीय मान्यताप्राप्त प्रयोगशालाहरुको स्वीकृति लगायत नेपाली पक्षले जुट तथा स्टिलजन्य उत्पादनहरुको भारततर्फ हुने निर्यातमा देखिएका विभिन्न अवरोधहरु हटाउन विशेष अनुरोध गर्नुका साथै यसअघि सहमति भएबमोजिम विभिन्न नेपाली कृषि उत्पादनहरूलाई भारतको Plant Quarantine Order मा समावेश गर्नु पर्नेमा समेत जोड दिएको थियो।

बैठकमा सडक तथा रेलवे पूर्वाधारहरुको निर्माण, स्तरोन्नती तथा सीमा नाकामा परीक्षण प्रयोगशालाहरुको स्थापना लगायतका विषयहरुमा समेत छलफल भएको थियो। नेपाली प्रतिनिधिमण्डलले पेट्रोलियम पदार्थ लगायत अन्य अत्यावश्यक वस्तुहरुको नेपालमा आपूर्तिलाई सहज बनाउने विषयलाई पनि एजेण्डाको रुपमा राखेको थियो।

बैठकमा दुवै राष्ट्रले आपसी प्राथमिकताप्राप्त क्षेत्रहरुमा संयुक्त प्राविधिक कार्यदल निर्माण गरी सहमति भएका विषयहरुको कार्यान्वयनलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे। यस बैठकले नेपाल-भारत द्विपक्षीय व्यापार सम्बन्धलाई थप सुदृढ, परिणाममुखी र दीगो बनाउने दिशामा महत्वपूर्ण आधार तयार गरेको विश्वास दुवै पक्षले व्यक्त गरेका छन्।

मितिः २०८३/६/२ गते शुक्रबार।

जितेन्द्र बस्नेत

सह सचिव/ प्रवक्ता

फोन नं.: ४२११५७९, ४२११४४६

Website: http://www.moics.gov.np